आज मिति २०८२ साल माघ महिना १९ गते सोमबारको दिंन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको नवौं वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| श्री सन्तोष थापा | सदस्य | का. वडा अध्यक्ष ८ |
| श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका, सदस्य |
| श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित उपस्थिति

| | | |
|---|---|---|
| श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

प्रमाणित

## आर्थिक वर्ष २०८२/०८३ को नवौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरु:

मितिः (२०८२/१०/१९)

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,

२. संघीय समपुरक र विशेष योजना छनोट सम्वन्धमा,

३. सडक वोर्डको बजेट कार्यान्वयन सम्बन्धमा,

४. पशु विकास अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि सम्बन्धमा,

५. विविध

### निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८२/०९/२८ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को आठौं बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू सिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोग,सिंहदरवार काठमाडौंको आर्थिक वर्ष २०८३/०८४ मा समपुरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्वन्धी मिति २०८२/८/२६ गते प्रकाशित सूचना अनुसार समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने गरी यस नगरपालिकाको नगर गौरबको रुपमा रहेका तपसिल बमोजिमका आयोजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने र समपुरक अनुदानवाट सञ्चालन हुने आयोजनाको हकमा ६० प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो।

तपसिल

| क. स. | योजनाको नाम | वडा | अनुदानको किसिम | कुल लागत | नगरपालिकाको लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लोकतान्त्रिक मोटर मार्ग योजना निर्माण | वडा नं ३ | समपुरक | २ करोड | १ करोड २० लाख | चालु वर्षको बजेटले निर्माण कार्य अधुरो हुने |
| २ | हुक्काडाँडा दलित वस्ती एक घर एक धारा खानेपानी योजना | वडा नं १ | विशेष | १ करोड ७० लाख ८० हजार | | नमूना दलित बस्ति निर्माण |

### निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय सडक मर्मत तथा सम्भार कार्यका लागि सडक बोर्ड नेपालको चलानी नं. ६७८ मिति २०८२/९/२८ गतेको पत्रानुसार सडक मर्मतका लागि रु १३,००,०००/- विनियोजन भई आएकोमा सो का लागि नगरपालिकाले व्यहोर्नु पर्ने समपुरक कोष समेत व्यवस्था गरी वार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिका लागि पेश गर्नु पर्ने भएकोले भिमाद नगरपालिका वडा नं. ४ स्थित जलौदी देखि खेक्रेटार मैदीखोलासम्म कच्ची वाटो (ग्राभेल) स्तरोन्नती योजनामा समावेश गर्न अनुरोध गरी पठाउने र सो को लागि व्यहोर्नुपर्ने रकम भिमाद नगरपालिकाको वार्षिक नगर विकास योजना २०८२/०८३ सि. नं. ८८ समपुरक योजनाहरु शिर्षकवाट बेहोर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा पशु विकास अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि सम्बन्धमा, २०७६ लाई तपसिल बमोजिमका संशोधन गर्ने निर्णय गरियो । ।

तपसिल

| कार्यविधिको दफा | हालको व्यवस्था | संशोधन पछिको व्यवस्था |
|---|---|---|
| दफा ८ को खण्ड (१) (क) मा संशोधन | पेश गरेको कार्ययोजनामा कम्तीमा ५० प्रतिशत लगानी कृषक स्वयं गर्नुपर्नेछ । | पेश गरेको कार्ययोजना कार्यक्रम हेरी कम्तीमा २० प्रतिशत सम्म लगानी कृषकले गर्नुपर्नेछ । कृषकले गर्ने लगानीको अंश विषयगत समितिले तोक्ने छ । |
| दफा ८ को खण्ड (१) (च) मा संशोधन | छनौट भएका आवेदकहरुलाई पशु विकास कार्यादल (livestock action team) बैठकबाट अनुमोदन गराउने | छनौट भएका आवेदकहरुलाई पशु विकास कार्यदलको सिफारिसमा विषयगत समितिले छनौट गर्नेछ । |
| दफा १५ को खण्ड (क) संशोधन | नगरको आर्थिक विकासमा योगदान पुर्याउन पशु विकासको योजना निर्माण गरी नगरपालिकामा सिफारिस गर्ने | नगरको आर्थिक विकासमा योगदान पुर्याउन पशु विकासको योजना निर्माण गरी विषयगत समितिमा सिफारिस गर्ने । |
| दफा १६ को खण्ड (ख) खारेज | वडास्तर अनुगमन उपसमिति<br>संयोजकः सम्बन्धित वडाका कृषि क्षेत्र हेर्ने वडा सदस्य<br>सदस्यः पशुसेवा शाखाका प्रतिनिधि<br>सदस्य सचिवः सम्बन्धित वडा सचिव | खारेज गर्ने |

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा जनज्योति क्याम्पसयसले प्रकाशन गरेको ज्योतिपुञ्ज स्मारिकामा भिमाद नगरपालिकाको कार्यालयबाट उपलब्ध गराएको विज्ञापन वापत रु २०,०००/- (अक्षरेपी रु विस हजार मात्र) वार्षिक नगर विकास योजनाको आ.ब. २०८२/०८३ सि. नं. २१ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व.०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत भिमाद नगरपालिका वडा नं.४ मा संचालन हुने वडागत सि .नं. २ भिम गोफा मोटरमार्गस्तरोन्नती (सिविल गोफा) योजनामा रु १२,००,०००/- भएकोमा उक्त योजनामा नगरसभाको एक्काइसौं अधिवेशनवाट रु. ५,००,०००/- थप गरी जम्मा रु.१७,००,०००/- सि. नं. ३ उत्तरदक्षिण मोटरमार्ग सोमिआर्टु योजना रु.१०,००,०००/- सि. नं. ५ माझकोट मोटरमार्ग (श्रङ्गारभञ्याङ देखि वराहपानीसम्म) रु. २०,००,०००/- गरी जम्मा रकम रु ४७,००,०००/- लाख रहेकोमा पूर्वाधार विकास शाखावाट कामको प्रकृति तथा निर्माण कार्य सम्पन्न गर्नको लागि जम्मा लागत अनुमान रु ५८,९८,८६०/-अक्षेरुपी अन्ठाउन्न लाख अन्ठानब्वे हजार

आठ सय साठी मात्र (मूल्य अभिवृद्धि कर, पि.एस. र सम्पूर्ण कन्टिजेन्सी सहित) प्राप्त भएकोमा उक्त एकमुष्ट योजना ( भिम गोफा मोटरमार्ग स्तरोन्नती योजना, उत्तरदक्षिण मोटरमार्ग सोमिआर्टु योजना, माझकोट मोटरमार्ग श्रङ्गारभञ्ज्याङ देखि वराहपानी योजना ) मा नपुग रकम रु. १२,००,०००/- पिरुङ्गडाँडा दलित वस्ती एक घर एक धारा खानेपानी योजनावाट रकमान्तर गरी खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाको प्रतिक चिन्ह निर्माणका लागि भिमाद नगरपालिकाको प्रतिक चिन्ह छनोट तथा प्रयोग सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ५ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व.०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सरकारको विशेष अनुदानमा भिमाद नगरपालिका वडा नं.४ मा संचालन हुने गरी पिरुङडाँडा दलित बस्ती एक घर एक धारा खानेपानी निर्माण योजनाको लागि संघीय सरकारबाट रु.१,२७,००,०००।-, विनियोजन भएकोमा भिमाद नगरकार्यपालिकाको मिति २०८२/०७/२६ को निर्णयानुसार रकमान्तर गरी सोहि शिर्षकमा थप भएको रु.१८,०००,००।- समेत गरी कुल एकमुष्ठ रु.१,४५,००,०००।- विनियोजन भएकोमा, प्राविधिक शाखाबाट सो कार्यको प्राविधिक लागत अनुमान रु. १,७५,९५,९२१।७४ (अक्षेरुपी एक करोड पचहत्तर लाख पन्चानब्बे हजार नौ सय एक्काइस रुपैया चौहत्तर पैसा (मूल्य अभिवृद्धि कर, पि.एस. र सम्पूर्ण कन्टिजेन्सी सहित) को प्राप्त भएकोले उक्त लागत अनुमान विनियोजित बजेट भन्दा रु.३०,९५,९२१।७४ बढि भएकोमा उक्त बढि हुन आएको रकम भिमाद नगरकार्यपालिकाको मिति २०८२/८/२२ को बैठकबाट आ.व.०८२/८३ को स्वीकृत वार्षिक नगर विकास योजनाको सि.नं.१०५ को लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना शिर्षकबाट भुक्तानी हुने गरी संचालन गर्ने निर्णय भई नगर सभाको एक्काइसौं अधिवेशनवाट अनुमोदन भएकोमा उक्त योजना टेण्डर प्रक्रियावाट सञ्चालन भई रकम थप गर्नुपर्ने नभएकोले विनियोजित रकम रु.३०,९५,९२१।७४ सि.नं.१०५ को लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना शिर्षकमा नै रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ५ माथि छलफल गर्दाभिमाद नगरपालिकाको आ.व. २०८२।०८३ को स्वीकृत नगरविकास योजनामा समावेश भएको शिक्षा शाखातर्फको क्र.सं. ४४ विद्यालयको आवश्यकतानुसार भौतिक निर्माण, मर्मत सम्भार, शैक्षिक सामग्री व्यवस्थापन (नगर प्रमुख स्तरबाट खर्च गर्ने गरी) शीर्षकबाट खर्च गर्ने गरी विद्यालयबाट पेश भएका निम्नानुसारका कार्यहरू गर्न तपसिल अनुसारको रकम विनियोजन गरी कार्यसम्पन्न भएपछि, अन्तिम मूल्याङ्कनका आधारमा भुक्तानी दिने गरी नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | विद्यालय | कामको विवरण | रकम रू | कैफियत |
|---|---|---|---|---|
| १ | जनज्योति आ.वि.,भिमाद ६ | विद्यालयको छाना मर्मत योजना | १८८३७१ | लागत अनुमान |
| २ | अकला प्रा. वि.,भिमाद २ | रिटर्निङ वाल | ७०००० | अनुदान |
| ३ | कोष नर आ. वि.,भिमाद ३ | विद्यालयको छाना मर्मत योजना | १९७३८८ | लागत अनुमान |
| ४ | पृथ्वी मा. वि.,भिमाद १ | दिवा खाजा हट केस | ५०००० | अनुदान |
| ५ | अरुणोदय मा. वि.,भिमाद २ | ~~ट्रस निर्माण~~ घेराबार | १८०००० | अनुदान |
| ६ | शंकर मा. वि.,भिमाद १ | प्रतिक्षालय | २११८५१ | लागत अनुमान |
| जम्मा | | | ८९७६१० | |